प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




वर्ष-१७ ।। अङ्क : २४६ ॥ २०८२ कातिक १८ गते सोमबार (4th Nov 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# एकता निर्णयले नेकपा एस र माओवादीका कार्यकर्ता तितरबितर

झापा(प्रस) । नेकपा एकीकृत समाजवादी (नेकपा एस) ले नेकपा (माओवादी केन्द्र) लगायतसंग केन्द्रमा पार्टी एकता गर्ने निर्णय गरेपनि झापाका सवै कार्यकर्ता समाहित नहुने भएका छन् । एकता गर्ने निर्णयबाट नेकपा एसका सबै कार्यकर्ता खुशी देखिएका छैनन् ।

कतिपय कार्यकर्ताहरु एकता प्रक्रियामा सहभागी हुन इच्छुक हुँदै गर्दा कोही नेकपा एमालेतिर फर्किन खोजिरहेका छन् भने कोही वृहत बाम एकताको पक्षमा उभिएका छन् । झापामा नेकपा एसको ६४ सदस्यीय जिल्ला कमिटी रहेको छ । त्यसमध्ये ७० देखि ९० प्रतिशत कार्यकर्ता एकता प्रक्रियामा सहभागी हुन सक्ने निवर्तमान जिल्ला अध्यक्ष वेदराज रेग्मीले स्वीकार गरे । उनले सबै कार्यकर्तालाई एकता प्रक्रियामा लैजान समस्या रहेको



बताए ।

त्यो समस्या नेकपा माओवादी केन्द्रमा पनि देखिएको छ । निवर्तमान उपमहासचिव तथा हालका सचिवालय

सदस्य जनार्दन शर्मा पक्षका नेता कार्यकर्ताहरु अहिलेको एकता प्रक्रियाप्रति असन्तुष्ट छन् । शर्मा पक्षधर मानिएकी लक्ष्मी न्यौपाने सरुले विशेष

महाधिवेशनमार्फत नयाँ नेतृत्व निर्माण गर्ने पार्टीको मुल मर्म र जेनजी आन्दोलनको सबैभन्दा बढी समर्थन र एजेन्डालाई समातेको पार्टी माओवादी नै भएको हुनाले यो आन्दोलनको मर्म बिपरित पार्टीले महाधिवेशन टार्न नहुने बताइन् । उनले नयाँ नेतृत्व निर्माण गरेर मात्र निर्वाचनलाई फेस गर्न सकिने धारणा राखिन् । नेकपा एसलगायत आठ कम्युनिस्ट पार्टीहरुले माओवादीका निवर्तमान अध्यक्ष (हाल संयोजक) पुष्पकमल दाहाल संयोजक र नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल सहसंयोजक हुने गरी पार्टी एकता गर्ने निर्णय गरेका हुन् । माआवादी र नेकपा एसमा पार्टी एकताविरुद्ध फरक मत भए पनि दाहाल, नेपाललगायत नेताको जोडबलमा आइतबार बेलुका भएको १८ बुँदे एकता सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

# आइसीयुको विरामीको मृत्यु ढिलो जानकारी गराएको बिषयमा बीएण्डसीमा विवाद



झापा(प्रस)। आइसीयुको विरामीको मृत्यु ढिलो जानकारी गराएको बिषयमा बीएण्डसी अस्पताल बिर्तामोडमा विवाद भएको प्रहरीले जनाएको छ । कमल गाउँपालिका -२ केर्खा बस्ने ८३ वर्षीय रंगनाथ पौडेलको मृत्यु भइसकेर अस्पतालले ढिलो जानकारी गराएको विषयमा विवाद भएको हो ।

पेट दुख्ने बिरामी भई उपचारको लागि बीएण्डसी अस्पतालमा ल्याई उपचार भइरहेकोमा उपचारको क्रममा पौडेलको आइतवार दिउँसो १ बजे मृत्यु भएको थियो । उनको मृत्यु भएको ढिलो जानकारी गराएको भन्दै साँझ ५बजेतिर मृतकका आफन्तहरुले अस्पतालमा विवाद गरेका थिए । त्यसक्रममा मृतकका आफन्त र अस्पतालका सुरक्षागार्डबीच कुटाकुट नै भएको थियो ।

मृतकका आफन्तहरु करिब २० जना भेला भई अस्पताल प्रशासनसँग विवाद गरेका थिए । पछि आफन्त र अस्पताल प्रशासनबिच छलफल भई साँझ ५:५० बजे अस्पताल प्रशासनले सम्झाई बुझाई शव मृतकका आफन्तलाई जिम्मा दिएको जनाइएको छ । विरामीको मृत्यु भइसक्दा पनि आइसियुको भेन्टिलेटरमा राखेर अस्पतालहरुले रकम असुल्ने गरेको गुनासो सुनिने गरिएको छ ।

# बिर्तामोडमा दिनदहाडै लाखौंको चोरी

झापा(प्रस) । बिर्तामोडमा दिनदहाडै लाखौको चोरी भएको छ ।

आइतवार दिउँसो ४ बजे ताप्लेजुङ पाथीभरा याङवरक- ६ घर भई हाल बिर्तामोड- ४ पुरानो बिजुली अफिस अगाडी निर्मल कट्वालको तीन तले घरको दोस्रो तला फ्ल्याट भाडामा लिई बस्दै आएका देवी कार्कीको कोठाबाट लाखौंको धनमाल चोरी भएको हो ।



चोरले ढोका खोलेर कोठाभित्र राखेको नगद २ लाख ६१ हजार, ५ तोला ६ आना सुन (अन्दाजी मूल्य १२ लाख ८९ हजार ८७४) र रेड्मी नोट १४ मोबायल थान १ (अन्दाजी मूल्य २८ हजार ) समेत गरी जम्मा १५ लाख ७८ हजार ८७४ रुपैयाँ बराबरको नगद तथा जिन्सी सामान चोरी गरी लगेको पीडितको भनाई छ । प्रहरी चौकी बिर्ताबजारबाट प्रहरी सहायक निरीक्षक सुसान्त पौडेलको कमाण्डमा प्रहरी टोली खटिएर खोजतलास तथा अनुसन्धान भइरहेको जनाइएको छ ।

# हिमपहिरोमा ५ विदेशी र २ नेपालीको मृत्यु, ४ जना बेपत्ता

झापा(प्रस) । दोलखाको गौरीशंकर गाउँपालिका-९ स्थित रोल्वालिङ हिमश्रृंखला अन्तर्गतको यलुङ रि हिमालको बसेक्याम्पमा हिमपहिरोमा परेर ५ जना विदेशी र २ नेपाली आरोहीको मृत्यु भएको छ । हिमपहिरोमा ४ जना बेपत्ता भएका छन् भने ४ जना घाइते छन् ।

मृत्यु हुनेमा अमेरिकी नागरिक ३ जना, क्यानडाका १ र इटालीका १ गरी ५ जना विदेशी छन् । उनीहरुसँगै रहेका दुई जना नेपालीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ ।

५ हजार ६ सय ३० मिटर अग्लो यलुङ रि आरोहणका लागि सोमबार बिहान ५ विदेशीसहित १० नेपाली पथप्रदर्शक त्यसतर्फ गएका थिए । बिहान करिब साढे ८ बजे आरोहणमा सहभागी सबैलाई हिमपहिरोले पुरेको हो । हिमपहिरोमा परेलगत्तै घाइतेहरुले ना गाउँमा रहेका आरोहणमा सहभागी नभएका साथीहरुलाई आग्रह गरेका थिए । तर समयमा उद्धार हुन नसकेको आरोहणमा सहभागी एक घाइतेले बताए । उनका अनुसार ६ हजार ३ सय ३४ मिटर उचाईको डोल्मा खाङ हिमाल आरोहणका लागि गएका थिए । त्यसअघि उनीहरुले यलुङ रि चढ्ने तालिका थियो ।

ना गाउँमा बास बसेर उक्त टोली यलुङ बेसक्याम्प पुगेको हो । उद्धार हुन नसकेपछि हिमपहिरोमा परेका घाइते आफै खबर गर्न ना झरेको घाइते पथप्रदर्शकले बताए । 'हामीले रोइकराई गरेर उद्धार गरिदिन स्थानीय प्रशासनलाई आग्रह गऱ्यौं, करिब ४ घण्टापछि मात्रै हेलिकप्टर आउँछ भनेर खबर पाएका थियौं,' उनले भने, 'साथीहरु के कति अवस्थामा छन् अझै जानकारी आएको छैन्, ४ जना साथी अझै सम्पर्कमा आएका छैनन् ।'

समयमा हिमपहिरोबाट उद्धार नहुँदा मानवीय क्षति भएको उनले बताए । हिमपहिरोमा ७ जनाको मृत्यु भएको दोलखा प्रहरी प्रमुख डीएसपी ज्ञानकुमार महतोले बताए । आरोहणमा गएको टोली हिमपहिरोमा परेको सूचना ढिलो गरी मात्रै आएको उनले बताए । 'सूचना आएलगत्तै जिल्ला प्रशासनमार्फत गृह मन्त्रालयलाई जानकारी गराएका थियौं,' उनले भने, 'मौसम खराबका कारण हेलिकप्टर उडान हुन सकेन, पैदल उद्धार सम्भव थिएन ।'

केही दिनदेखि रोल्वालिङ उपत्यकाको मौसममा खराबी आएसँगै हिमपात भएको थियो । ना गाउँमा हिमपात भएपछि स्थानीय बेदिङ झरेका थिए । आइतबारबाट मौसममा केही सुधार भएसँगै हिमाल आरोहण गएको टोली यलुङ रि लागेको थियो । हिमाली क्षेत्रमा आइतबारदेखि घाम लाग्न थालेको थियो ।

हिमपहिरोमा बेपत्ताको खोजीका लागि लामाबगरबाट नेपाली सेना, सशस्त्र र जनपद प्रहरी परिचालन गरिएको डीएसपी महतोले बताए । 'दिनभर उद्धारको धेरै प्रयास भए पनि हेलिकप्टर आउन नसकेका कारण हुन सकेन,' उनले भने, 'हेलिकप्टर सोमबार साँझ ना गाउँ पुगेको छ । स्थलमार्गबाट पनि उद्धारमा पठाइका छौं ।' मंगलबार बिहानबाट उद्धार गरिने उनले बताए ।

# वैदेशिक रोजगारी ठगी बढ्दो, अधिकाँश आफ्नैबाट ठगिँदै

• **लक्ष्मी उप्रेती**

मेचीनगर । वैदेशिक रोजगार ठगी गरेको आरोपमा झापा मेचीनगर- ६ काँकरभिट्टा बस्ने ४३ वर्षीय मिलनकुमार राई पक्राउ परे । बैदेशिक रोजगार बिभाग ताहाचल काठमाण्डौको गत असोज २३ गतेको पत्र अनुसार बैदेशिक रोजगार ठगी मुद्धामा राईलाई गत सोमवार पक्राउ गरिएको थियो ।पक्राउ गरी इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएकोमा थप आवश्यक कारवाहीको लागि आइतवार बैदेशिक रोजगार बिभाग ताहाचल काठमाण्डौ पठाइएको छ ।

वैदेशिक रोजगारमा ठगिएका यी एकजना प्रतिनिधिमूलक पात्रमात्रै हुन् । झापा जिल्लामा पछिल्लो समय वैदेशिक रोजगारीका नाममा ठगिएको भन्दै दाबी पर्ने क्रम बढेको छ । जिल्ला प्रशासन कार्यालय झापाले चालु आर्थिक वर्ष २०८२–०८३ को पहिलो तीन महिनामा वैदेशिक रोजगारी ठगी सम्बन्धीका २३ वटा मुद्धा फछ्र्यौट गरेको सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईले बताए । यसले पनि वैदेशिक रोजगारीका नाममा हुने ठगी बढेको स्पष्ट पार्छ । झापामा वैदेशिक रोजगारका नाममा ठगिएका पीडितले न्यायका लागि कानुनी रुपमै निवेदन दिएका थिए ।

पीडितले जिल्ला प्रशासन कार्यालय झापामा मात्र होइन, जिल्लाका विभिन्न पालिकाका न्यायिक समितिमा समेत न्यायका लागि निवेदन गरेका छन् । तर, पालिकाका न्यायिक समितिमा यस्ता ठगी सम्बन्धीका मुद्धा निक्कै कम हुन्छन् । झापाको मेचीनगर नगरपालिकाको न्यायिक समितिमा गत आर्थिक वर्षमा एउटामात्र मुद्धा दर्ता भएको बताइएको छ । उक्त मुद्धा सुरक्षित आप्रवास सामी परियोजनामा पठाइएको थियो । यो परियोजना वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका तथा ठगीएका व्यक्तिहरुको न्यायमा पहुँच बढाउने परियोजना पनि हो । कति पीडितले न्यायका लागि सोझै सामी कार्यक्रममा उजुरी दिने पनि गरेका छन् ।

वैदेशिक रोजगारीमा जाने अधिकांश युवा घरगाउँकै दाजुभाइ, दिदीबहिनी, आफन्त र सहरका वैदेशिक रोजगार व्यवसायी कम्पनी, ट्राभल एजेन्सी, एजुकेशन कन्सल्टेन्सीलगायतबाट ठगिने गरेका छन् । यसरी ठगीमा पर्ने सबैको तथ्याङ्क भने नभेटिँने बताईएको छ ।

वैदेशिक रोजगारीका नाममा ठगीमा पर्दा पीडितहरुले ऋणमाथि ऋणको भारी बोक्नु परेको छ । 'ठगिनेहरुलाई को कस्तो छ भन्ने के थाहा ? मेनपावर कम्पनी खोलेर बसेका हुन्छन्, उनीहरुले कहाँ कसरी पठाउँछन् भन्ने जानकारी उनीहरुलाई हुँदैन । पैसा माग्छन्, लैजान्छन् अनि अलपत्र पार्छन्' एकजना प्रहरी अनुसन्धान अधिकृतको भनाई छ । कतिपय अवस्थामा वैदेशिक रोजगारीमा आकर्षक मुलुक पठाइदिने र त्यहाँ पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभनमा पीडितबाट रकम असुल्दै मानव तस्करी गर्ने गरेकोसमेत पाइएको छ ।

रोजगारीको सिलसिलामा विदेशिनेको संख्या बढेसँगै वैदेशिक रोजगारीमा विभिन्न मुलुक पठाइदिने नाममा ठगी गर्नेको संख्या बढेको सरकारी अधिकारीहरुको भनाई छ । वैदेशिक रोजगारका लागि भन्दैं अवैध रुपमा विदेश लैजान एजेण्टहरुले जानेहरुका आवश्यक कागजात शुरुमै आफ्नो नियन्त्रणमा लिने गरेका कारण पीडितले समयमै न्याय नपाउने र आरोपीले तत्कालै सफाइ पाउने गरेका छन् । मध्यपूर्वका देश र मलेसिया जाने श्रमिकभन्दा खाडी मुलुक, युरोप, अमेरिका, क्यानडा, पोर्चुगल, पोल्यान्ड जस्ता देश पठाइदिन्छु भन्दै उनीहरु ठगिने गरेको बताइएको छ । युरोप, अमेरिका,अष्ट्रेलियालगायतका देशमा पठाउने भन्दै पढेलेखेकै व्यक्ति पीडित हुने गरेको र रकम पनि ठुलो परिमाणको हुने गरेको बताइएको छ ।

झुटो प्रलोभनमा परेर खाडी मुलुक पुगेका धेरै नेपाली कामदारको उद्धार गरेपनि उनीहरुसंग उनीहरुलाई लगेको मुलुकको राहदानी, फर्केर आउँदाको हवाइजहाजको टिकटलगायत आवश्यक कागजात नभएकै कारण मानव तस्करले छुटकारा पाउने मानव बेचबिखन विरुद्धका क्षेत्रमा क्रियाशील संघ संस्थाहरुले जनाएका छन् ।

विदेश लैजाने क्रममै एजेण्टले नागरिकता र राहदानी फकाई फुलाई आफ्नो हातमा पार्ने नभएकाको बनाई दिने भन्दैं रकम कुम्ल्याउने गरेको माइती नेपालको कोशी प्रादेशिक कार्यालयले जनाएको छ । अवैधरुपमा विदेश पठाउनेविरुद्ध मुद्धा दर्ता भएपनि प्रमाणका अभावमा मुद्धा कमजोर हुने सम्वद्ध संघ संस्थाको भनाई छ ।

'कतिले त एजेण्ट पनि चिन्दैंनन् कतिले चिनेको भए पनि खुलेर बताउँदैनन्' काँकरभिट्टा

❖ बाँकी तेस्रो पृष्ठमा



# अर्थमन्त्री खनालसँग कोरियाका राजदूतको शिष्टाचार भेट

झापा(प्रस) । अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँग नेपालका लागि कोरिया गणतन्त्रका राजदूत पार्क ते यङले शिष्टाचार भेट गरेका छन् । अर्थ मन्त्रालयमा सोमवार भएको उक्त भेटमा अर्थमन्त्री खनालले कोरिया र नेपालबिच रहेको दुई पक्षीय कूटनीतिक सम्बन्धको चर्चा गर्दै कोरिया सरकारले प्रदान गर्दै आएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गरे ।



साथै कोरियाको सहयोगमा सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अवस्था सन्तोषजनक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले कोरियासँगको आर्थिक साझेदारीलाई निरन्तरता दिइने बताए ।

सो अवसरमा राजदूत पार्कले कोरिया सरकारको एजेन्सी कोइका र नेपाल सरकारबिचको द्विपक्षीय सम्बन्ध स्थापनाको ३० वर्ष पुगेको स्मरण गर्दै आगामी दिनमा थप समन्वय र सहकार्यका आशा व्यक्त गरे ।

साथै कोरियन लगानीकर्तालाई नेपालमा लगानीको लागि प्रोत्साहित गर्न र नेपाली उत्पादनहरूको प्रवर्द्धनका लागि आवश्यक सहजीकरण गरिने बताए । साथै, नेपाली कामदारहरूलाई कोरिया रोजगारीका लागि लैजान सहज होस भनेर कोरिया सरकारले छुट्टै भिसा सेन्टर स्थापना गर्न लागेको विषय समेत जानकारी गराए ।

त्यसैगरी उनले इपिएस प्रणालीअन्तर्गत रोजगारीका लागि कोरिया गई फर्किएका नेपाली नागरिकहरूको उद्यमशीलता प्रवर्द्धनका लागि नयाँ व्यवसाय सञ्चालन गर्न कोइकाको सहयोगमा कृषि विकास बैङ्कमार्फत सहुलियत पूर्ण कर्जा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडि बढाइएको र सोका लागि आवश्यक सहजीकरण गर्नसमेत अनुरोध गरिएको समेत अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।

# अक्टोबरमा १ लाख २८ हजारभन्दा बढी पर्यटक भित्रिए



झापा(प्रस) । यस वर्षको अक्टोबर महिनामा मात्रै एक लाख २८ हजार ४४३ जना पर्यटकले नेपाल भ्रमण गरेका छन्। यो महिनालाई मुख्य पर्यटकीय याम मानिने भएकाले पर्यटकको आगमन उल्लेख्य देखिएको हो।

नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्याङ्क अनुसार, गत जनवरीदेखि अक्टोबरसम्म कूल नौ लाख ४३ हजार ७१६ जना पर्यटक नेपाल भित्रिएका छन्। अक्टोबरको तथ्याङ्कलाई हेर्दा, युरोपबाट ४० हजार ५०० र दक्षिण एसियाबाट २९ हजार ६० पर्यटक आएका छन्, जसले गर्दा यो महिनाको कुल संख्या प्रभावशाली देखिएको छ।

अक्टोबरमा नेपाल भ्रमण गर्ने पर्यटकहरूमा भारतबाट सबैभन्दा धेरै १७ हजार २९८ जना रहेका छन्। त्यसपछि अमेरिकाबाट १३ हजार २८६, बेलायतबाट आठ हजार ७१८, चीनबाट छ हजार ७५५, र जर्मनीबाट छ हजार ३६६ जना पर्यटक नेपाल आएका थिए। यसरी प्रमुख स्रोत बजारहरूबाट पर्यटकको आगमन बढ्दा नेपालको पर्यटन क्षेत्रमा थप उत्साह थपिएको छ।

# दैनिक एक हजार थान राहदानी उपलब्ध गराइने

झापा(प्रस) ।राहदानी विभागले दैनिक एक हजार थान राहदानी वितरण गरिने स्पष्ट पारेको छ । विभागले सोमवार साँझदेखि दैनिक (सार्वजनिक बिदाको दिन बाहेक) राहदानी उपलब्ध गराउने जनाएको हो ।



विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग गत साउनमा खरिद सम्झौता गरिसकेको र उक्त सम्झौताअनुसार आगामी फागुन ११ देखि राहदानी सेवा सुरु हुने गरी नयाँ पूर्वाधार तथा प्रणाली निर्माण भइरहेको सोमवार जारी विज्ञप्तिमा उल्लेख गरेको छ । नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने सङ्क्रमणकालीन अवस्था (ह्याण्डओभर र टेकओभर) तथा राहदानी पुस्तिकाको सीमित संख्या र सेवाग्राहीको उच्च मागलगायतका कारणले राहदानी वितरणमा केही समस्या हुन गएको विभागले जनाएको छ ।

उक्त अवधिसम्म राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक पहल भइरहेको र अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीले मात्रै राहदानीका लागि आवेदन दिन विभागले सबैलाई आग्रह गरेको छ । राहदानीका विषयमा अनधिकृत व्यक्तिको भर नपर्न, त्यस्ता व्यक्तिबाट हुन सक्ने ठगीबाट सावधान रहन विभागले ध्यानाकर्षण गराएको छ ।

# बेमौसमी वर्षाले धानमा ठूलो क्षति

झापा(प्रस) । बेमौसमी वर्षाका कारण अन्नको भण्डार मधेससहित देशका अधिकांश क्षेत्रमा पाकेको धानबालीमा क्षति पुगेसँगै यसवर्ष चामलको आयात बढ्ने देखिएको छ। खेतबारीमा काट्न बाँकी रहेका धानका बोट वर्षासँगैको हावाहुरीले ढालेर सोत्तर बनाएको छ भने काटेर भित्र्याउन राखिएका धानका बाला र पराल दुवै डुबेका छन्।

पहेँलपुर भएर झुलेका र काटिएका धानमा पानीले क्षति पुऱ्याएपछि यस वर्षको उत्पादनमा कमी आउने आँकलन गरिएको छ। गत वर्ष धान राम्रो फल्दा पनि भारतलगायतका मुलुकबाट चामल किनेर खानुपर्ने बाध्यता थियो।

गत वर्ष वर्षे धान ५४ लाख ११ हजार ८३ टन र चैते धान ५ लाख ४४ हजार ३९३ टन गरी कुल ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्ष वर्षे धान ५२ लाख ३ हजार ४२६ र चैते धान ५ लाख २० हजार ८०८ टन फलेको थियो।

गत वर्ष धानको उत्पादकत्व हालसम्मकै उच्च विन्दु अर्थात् ४.१९ टन प्रतिहेक्टर पुग्दा पनि नेपालले चामलको आयात रोक्न सकेन।

यसपटक समयमा पानी नपरेर किसानले बेलैमा धान रोप्नसमेत पाएनन्। भदौको दोस्रो सातासम्म पनि धान खेतीयोग्य जमिनमध्ये ९४.९ प्रतिशत क्षेत्र (१३ लाख ६ हजार २९३ हेक्टर)मा मात्र रोपाइँ भएको थियो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका वरिष्ठ कृषि अर्थविज्ञ तीलकराज चौलागाईंका अनुसार, रोपाइँ नै घटेकाले उत्पादनमा गिरावट हुने अनुमान यसअघि नै गरिएको थियो। रोपाइँ नै घटेकाले उत्पादनमा करिब ५-७ प्रतिशतको गिरावट आउने अनुमान यसअघि नै गरिएको थियो। अहिले बाली भित्र्याउने बेलामा पनि मौसमी प्रतिकूल हुँदा धान उत्पादनसँगै चामलको गुणस्तरसमेत घट्ने विभागका सूचना अधिकारीसमेत रहेका चौलागाईं बताउँछन्। यसले आयातलाई प्रभावित बनाउने विश्लेषण गरिएको छ।

'हाम्रो खाने बानी (विशेषगरी भात बढी रुचाउने) परिवर्तन भइसकेको छैन, यही बेला धानको उत्पादन घटेपछि आयात स्वाभाविकरुपमा बढ्न सक्छ', उनले भने।

नेपालीका लागि करिब ६२ लाख मेट्रिक टन धान, चामल चाहिने अनुमान गरिन्छ, जसअनुसार, गत वर्ष चार-पाँच लाख अपुग हुने अवस्था थियो।

अहिलेकै स्तरमा चामलको खपत र माग बढेमा तथा आन्तरिक उत्पादनसमेत गत



वर्षको भन्दा घट्न सक्ने भएकाले कुल आयातमै ८-९ लाख टन आयात गर्नुपर्ने अनुमान विज्ञले गरेका छन्।

यद्यपि सुस्त गतिमा परिवर्तन भइरहेको खाने बानीले गर्दा (रोगका कारण चामल कम खाने) गाउँमा उत्पादन हुने रैथाने बालीको प्रवर्द्धनसँगै आयातित मसिना वासनादारलाई केही हदसम्म रिप्लेस गर्न सक्ने चौलागाईंको भनाई छ।

यस्तैगरी नेपालमा धानको उत्पादन बढाएर उत्पादन निर्यात गर्न सकेको अवस्थामा मसिना, वासनादार ल्याउँदा पनि खासै समस्या नहुने उनको तर्क छ।

'फुड ह्याबिट परिवर्तन गर्न र चैते धानलाई प्रवर्द्धन गर्न सकियो भने चामलमा आत्मनिर्भर बन्न सकिन्छ', कृषि अर्थविज्ञ चौलागाईंले भने, 'जति मूल्य बराबरको धान चामल आयात गर्छौं, त्यति बराबरको यहाँको धान निर्यात गर्न सक्यौं भने कूल व्यापार घाटालाई खासै फरक पर्दैन।'

त्यसो त चालु आवको पहिलो तीन महिनामै धान/चामलको आयात ७१ प्रतिशतले बढेको देखिन्छ। गत साउनदेखि असोजभित्र नेपालले ७ अर्ब ९७ करोड ४९ लाख ६ हजार रुपैयाँ धान चामलको आयातमा खर्चिएको छ।

भन्सार विभागको तथ्यांक अनुसार, तीन महिनामा ५ अर्ब २१ करोड ३३ लाख ३ हजार रूपैँयाको ७ करोड ६० हजार ८१० केजी चामल र कनिका नेपाल भित्रिएको छ।

नेपालले चामल मात्र नभई धानको बीउ र अन्य धानसमेत आयात गर्नुपर्ने बाध्यता छ। तीन महिनामा ४ लाख ३२ हजार रुपैयाँ बराबरको २ हजार ७० केजी धानको बीउ र २ अर्ब ७६ करोड ११ लाख ७१ हजारको धान आयात गरिएको छ।

गत आव २०८१-८१ को यही अवधि (साउन-असोज)मा जम्मा ४ अर्ब ६० करोड ५२ लाख ९७ हजारको धान/चामल आयात भएको थियो। त्यस बेला १ अर्ब ६५ करोड ५२ लाख ५७ हजारको धान, ४ लाख ४७ हजारको ब्राउन राइस आयात भएको थियो।

यस्तैगरी १ अर्ब ९८ करोड ८३ लाख ८४ हजारको बासमति राइस, ९६ करोड ६ लाखको अन्य प्रकारका चामल र ५ लाख २६ हजारको कनिका भित्रिएको थियो।

नेपालले पछिल्ला पाँच वर्षमा झण्डै दुई खर्ब (१ खर्ब ९५ अर्ब भन्दा बढी) रूपैँयाको धान/चामल आयात गरेको छ। २०७७/०७८ देखि ०८०/८१ सम्म धान/चामलको आयात क्रमशः घट्दो क्रममा रहेकोमा गतवर्ष ह्वात्तै बढेको थियो।

धानको उत्पादन बढ्दा पनि गतवर्ष ४० अर्ब १८ करोड ९७ लाख १५ हजारको धान चामल आयात गर्नुपरेको थियो। नेपालीमा भात, त्यसमा पनि मसिनो, वासनादार चामलको भात खाने बढ्दो बानीका कारण पनि भारतबाट उपभोक्ताले रुचाएका चामल धेरै भित्रँदा आयात बढेको थियो।

गतवर्ष नेपालीले ७ अर्ब ५२ करोड ९७ लाख बढीको बासमती चामल खाएका तथ्यांकले देखाउँछ। कुल २१ अर्ब ५२ करोड ३७ लाख रुपैयाँ बढीको धान र धानको बीउ भित्र्याइएको थियो भने १८ अर्ब ६६ करोड ५९ लाख ३१ हजारको चामल किन्नु परेको थियो।


आर्थिक वर्ष २०८०/८१ मा नेपालले १२ अर्ब ९४ करोड १० लाख ८८ हजारको धान र बीउ आयात गर्दा ९ अर्ब २८ करोड ९८ लाख ५६ हजारको चामल किनेर ल्याइएको थियो। त्यस वर्ष ६ अर्ब २३ करोड बढीको बासमती चामल भित्रिएको थियो।

यस्तैगरी आव २०७९/८० मा २० अर्ब ७५ करोड बढीको धान र बीउ खरिद गर्नुपरेको थियो। सोही वर्षभर ४ अर्ब ८२ करोड ९४ लाखको बासमती चामलसहित १५ अर्ब ९१ करोड २४ लाख रूपैँया भन्दा बढीको चामल आयात गरिएको थियो।

नेपालमा आव २०७८/७९ मा १६ अर्ब ९९ करोड बढीको धान भित्रिएको थियो भने ३० अर्ब ५८ करोड २९ लाख बढीको चामल आयात गरिएको थियो।

यसैगरी २०७७/७८ मा २० अर्ब ५४ करोड ९९ लाख ९६ हजारको धान खरिद गरिएकोमा ३० अर्ब २३ करोड ६९ लाख ५२ हजार रुपैयाँको चामल आयात गरिएको थियो।

# इलाममा धमाधम नयाँ मतदाता थपिँदै



झापा(प्रस) । आगामी फागुन २१ लाई निर्वाचनको मिति घोषणा भएसँगै इलाममा नयाँ मतदाताका संख्या धमाधम थपिँदै गएका छन् । फागुन २० गतेसम्म १८ वर्ष उमेर पुरा गरेका मतदाताले मतदान गर्न पाउने भएकाले पनि अहिले नयाँ मतदाताका रुपमा फोटो खिचाउने क्रम चलिरहेको जिल्ला निर्वाचन कार्यालय इलामले जनाएको छ ।

कार्यालयको तथ्याङ्क अनुसार गएको असोज ८ गतेसम्म १८ वर्ष पुरा भएका मतदाताको संख्या इलाममा दुईलाख २७ हजार तीन रहेको छ । असोज ९ गते पछाडि पनि नयाँ मतदाताको रुपमा फोटो खिचाउने क्रम चलिरहेको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी कृष्ण लिम्बूले बाताए ।

नयाँ मतदाताका रुपमा अहिले सम्ममा २९७ जनाले फोटो खिचाएका छन् । यी मध्ये नेपालको नागरिकता बनाएर फोटो खिचाउन आएका कोही १६ वर्ष उमेर पुगेका मात्र पनि रहेका छन् भने कोही १८ वर्ष पुरा भएका छन् । 'अब फागुन २० गते सम्म जो-जो १८ वर्ष पुरा गर्छन् उनीहरुको नाम माथिबाटै मतदाता नामावलीमा आउँछ ।' लिम्बूले भने'अझै आगामी कार्तिक ३० गतेसम्म फोटो खिचाउने समय बाँकी छ ।'

लिम्बूका अनुसार अहिले जिल्ला अन्तर,पालिका अन्तर पनि मतदाता नामावलीको नामसारीको काम पनि भइरहेको छ । 'कोही इलामबाट अन्य जिल्लामा जाने छन् भने कोही अन्य जिल्लाबाट इलाम आउने पनि छन्,' लिम्बूले भने, 'जिल्लाभित्रका पालिकाबाट पनि नामसारीको लागि आउने धेरै छन् ।' अहिलेसम्म ११९ जना मतदाताको नामसारीको काम भएको लिम्बूले जानकारी दिए । यस्तै ६६ जना मृत्यु भएका मतदाताको नाम भने मतदाता नामावलीबाट हटाइएको छ ।


## जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५ , झापा

## साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति-२०८२/०७/१८

यस जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि.को १२ औं वार्षिक साधारण सभा यही कात्तिक २२ गते शनिवारका दिन सिटी सेन्टर बिर्तामोडको साई पार्टी प्यालेसमा विहान ११ बजेदेखि गर्ने निर्णय गरिएको हुँदा कथंकदाचित पत्र प्राप्त नभएको खण्डमा यसैलाई आधार मानेर अनिवार्य उपस्थित भईदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुलाई सूचित गर्दछौं ।

तुलकुमारी राजवंशी

अध्यक्ष






## युवाहरूले...

वितरण र नवीकरणका लागि दिएको जिम्मेवारी पूरा नगर्ने महामन्त्री गगन थापाले राजीनामा दिनुपर्ने हाम्रो माग छ,' रिमालले भने, 'त्यो माग पूरा नहुँदासम्म तालाबन्दी खुल्दैन ।'

उनीहरूले १५ औँ महाधिवेशनको कार्यतालिका तत्काल



सार्वजनिक गर्न, ४० वर्ष मुनिका युवाहरूको पार्टीका हरेक निकायमा ४० प्रतिशत हिस्सा सुनिश्चित गर्न, क्रियाशील सदस्यता वितरण एवं नवीकरणको प्रगति विवरण सार्वजनिक गरी पार्टीको वेबसाइटमा राख्नुपर्ने माग राखेका अर्का युवा नेता भुवन भट्टले जानकारी दिए ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ । त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्रचण्ड–माधव एकताको भविष्य

**जेनजी आन्दोलनपछि विभिन्न आठ वाम–राजनीतिक दल तथा समूह एकीकृत हुने निष्कर्षमा पुगेका छन्।**
**तीमध्येका प्रमुख घटक पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपा (माओवादी केन्द्र) र माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) हुन्। माओवादी महाधिवेशन आयोजक समिति संयोजक प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपाल दुवैले पार्टीमा विभाजन निम्त्याएर भए पनि अन्य दल तथा समूहसँग एकता गर्न तयार भएका छन्। प्रचण्ड र माधव दुवै पार्टीका इतर–पक्षलाई छाडेर एकतामा सहभागी हुन लागेका हुन्। त्यसकारण पनि यो एकतालाई वाम–एकताभन्दा प्रचण्ड–माधव एकताका रुपमा अर्थ्याइएको छ।**
**त्यसो त जो–जसको एकता भनिए पनि राजनीतिमा त्यसको प्रभाव र भविष्य कस्तो रहला भन्ने प्रश्नसँगै व्याख्या र विश्लेषण पनि सुरु भएको छ। वाम–घटकहरूबीचको एकताको विगत त्यत्ति सुखद नरहेकाले पनि राजनीतिक वृत्तमा यो बहस स्वाभाविक छ।**
**नेपालमा वाम–एकता तथा ध्रुवीकरणको विगत सुखद नरहेको पुष्टि भइसकेको छ । तत्कालीन 'नेकपा' यसको उदाहरण हो । विसं २०७५ जेठ ३ गते नेकपा एमाले र माओवादी केन्द्र एक भएर दक्षिण एसियाकै ठूलो कम्युनिष्ट पार्टी नेकपा बन्यो तर त्यो एकता तीन वर्ष पनि टिकेन।**

**नेतृत्व तहमा आन्तरिक किचलो उत्कर्षमा पुगेपछि अनौपचारिकरुपमा विभाजन भइसकेको नेकपा विर्सजनको दोष भने सर्वोच्च अदालतले लियो। सर्वोच्चले ऋषि कट्टेल नेतृत्वको पार्टीलाई देखाएर २०७७ फागुन २३ मा तत्कालीन नेकपा खारेजीको फैसला सुनायो, जसले दक्षिण एसियाकै पहिलो र समग्र एसियाको तेस्रो ठूलो कम्युनिष्ट पार्टी नेकपालाई एमाले र माओवादी केन्द्रकै अवस्थामा फर्कायो।**
**त्यसयता छुट्टाछुट्टै रहेर संघर्ष गर्दै आएका वाम–पार्टी तथा समूहहरू अहिले पुनः एक हुने निष्कर्षमा पुगेका छन्। पहिलो पटक गैरराजनीतिक ब्यानरमा भएको जेनजी आन्दोलनपछि एमालेबाहेकका ९ वाम पार्टी तथा समूहहरू एकीकृत भएर जाने भएका हुन्।**
**एकताका लागि माओवाद नै छाडेको माओवादी केन्द्र र एकीकृत समाजवादीसहित ८ दल तथा समूहबीच आइतवार साँझ एकता सहमतिपत्रमा हस्ताक्षर भयो।**
**सहमतिपत्रमा माओवादी महाधिवेशन आयोजक समितिका संयोजक प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, जनसमाजवादी पार्टी नेपालका अध्यक्ष सुवासराज काफ्ले, नेकपा महासचिव चिरन पुन, नेकपा समाजवादीका अध्यक्ष राजु कार्की, ने.क.पा. माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी र ने.क.पा साम्यवादीका अध्यक्ष प्रेमबहादुर सिंहले हस्ताक्षर गरेका छन्।**
**सोही एकतामा समाहित हुने गरी गोपाल किराती नेतृत्वको देशभक्त समाजवादी मोर्चा माओवादीमै फर्किएको छ। माओवादी महाधिवेशन आयोजक समितिका संयोजक प्रचण्डसँग सोमवार तीन बुँदे सहमति गरेर उनी नेतृत्वको पार्टी माओवादीमा फर्किएको हो। राजनीतिक विश्लेषकहरू। नेपाली राजनीतिमा प्रचण्ड–माधव एकताको प्रभाव र भविष्य भने त्यत्ति सुखद देख्दैनन् ।**




# शासकीय स्वरूपको बहस



• डा. अर्जुनकुमार खड्का

विसं २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराउने मूल उद्देश्यका साथ वर्तमान सरकारले आफ्नो कार्य प्रारम्भ गरेको छ । मतदान नामावली ऐन, २०७३ लाई अध्यादेशमार्फत संशोधन गरिएको छ । निर्वाचनसम्बन्धी अन्य ऐनसमेत संशोधन गर्ने गरी गृहकार्य भइरहेको छ । निर्वाचन आयोगले राजनीतिक दल दर्तालगायत निर्वाचनसम्बन्धी कार्यलाई प्राथमिकता दिएको छ । सरकार निर्माणमा प्रमुख भूमिका खेलेका जेनजीहरूले शासकीय स्वरूपमा परिमार्जन गरेर प्रतिनिधि सभाको निर्वाचन हुनुपर्ने माग पनि उठाउँदै आएका छन् । शासन प्रणाली, निर्वाचन प्रणाली र कार्यकारिणी अधिकारको बाँडफाँट नै शासकीय स्वरूपका मूलभूत सिद्धान्त हुन् । यस्ता शासन प्रणालीको सन्दर्भमा अन्तर्राष्ट्रिय प्रचलन हेर्दा राष्ट्रपतीय, संसदीय शासन र मिश्रित गरी तीन प्रकारका शासन प्रणालीको बारेमा उल्लेख भएको पाइन्छ ।

**राष्ट्रपतीय शासन प्रणाली**

कार्यकारिणी प्रधान रहने प्रणालीलाई राष्ट्रपतीय शासन प्रणाली भन्ने गरिन्छ । यस्तो व्यवस्थामा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुने गर्छ । ऊ जनताको प्रत्यक्ष मतबाट निर्वाचित हुन्छ । कतिपय देशमा मतदाताले सोझै राष्ट्रपतिलाई मत नदिए पनि सोही प्रयोजनका लागि निर्वाचक मण्डललाई निर्वाचित गर्ने खालको निर्वाचन पद्धति अपनाइएको छ । निर्वाचित निर्वाचक मण्डलको व्यवस्थापिकासँग कुनै सम्बन्ध हुँदैन । यस खालको निर्वाचन पद्धति अमेरिकाको राष्ट्रपतिको निर्वाचनमा अवलम्बन गरिएको पाइन्छ । राष्ट्रप्रमुख व्यवस्थापिकाप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुँदैन, ऊ संसद्को सदस्य पनि हुँदैन । कार्यपालिका र व्यवस्थापिकाले विशेष अवस्थामा बाहेक परस्परमा स्वतन्त्र रूपमा कार्य गर्छन् । सामान्य अवस्थामा एक अङ्गमाथि अर्को अङ्गको नियन्त्रण रहेको हुँदैन । यस्तो प्रणालीमा देशको सम्पूर्ण कार्यकारी शक्ति राष्ट्रप्रमुखमा नै रहेको हुन्छ । ऊ संसदीय व्यवस्थाको जस्तो प्रतीकात्मक स्वरूपको मात्र हुँदैन । विश्वका करिब ५५ वटा देशले पूर्ण रूपको राष्ट्रपति शासन प्रणालीको अवलम्बन गरेको पाइन्छ । संयुक्त राज्य अमेरिका तथा मेक्सिको, अर्जेन्टिना, ब्राजिल, कोस्टारिका, कोलम्बियालगायतका अमेरिकी महादेशका अधिकांश देशले यस पद्धति अवलम्बन गरेका छन् । राजनीति शास्त्रीहरूले यस महादेशलाई राष्ट्रपतीय पद्धतिको महादेश भन्ने गरेका छन् । यसबाहेक इन्डोनेसिया, फिलिपिन्स, माल्दिभ्स, लाइबेरिया, घाना, रुवान्डा, तुर्कमेनिस्तानलगायतका विभिन्न देशमा पनि प्रधानमन्त्रीबिनाकै राष्ट्रपतीय पद्धति अवलम्बन गरिएको पाइन्छ ।

**संसदीय शासन प्रणाली**

राज्यका अन्य अङ्गको तुलनामा व्यवस्थापिका (संसद्) प्रधान रहने प्रणालीलाई संसदीय शासन प्रणाली भनिन्छ । संसदीय शासन प्रणालीमा कार्यपालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यवस्थापिकाको समर्थनमा निर्भर रहन्छ । यस्तो समर्थन र विरोध विश्वास एवं अविश्वासको प्रस्तावमार्फत व्यक्त हुन्छ । यस प्रकारको शासन पद्धतिमा सामान्यतया राष्ट्र प्रमुख र सरकार प्रमुख अलग अलग व्यक्ति हुन्छन् । यद्यपि कतै कतै एउटै व्यक्तिलाई पनि दुवै जिम्मेवारी दिइएको पाइन्छ । दक्षिण अफ्रिकामा संसद्बाट चुनिएको व्यक्ति राष्ट्रप्रमुख हुने र सरकार प्रमुखको रूपमा पनि कार्य गर्छ । राष्ट्रप्रमुखमा निर्वाचित भइसकेपछि भने उसले संसद् सदस्यबाट राजीनामा दिनु पर्छ । यस्तो प्रणाली बोत्सवाना मार्सल द्वीप र नाउरू जस्ता देशमा रहेको पाइन्छ । सम्पूर्ण कार्यकारी अधिकार खास गरी सरकार प्रमुख अर्थात् प्रधानमन्त्रीमा निहित हुन्छ । राष्ट्रप्रमुख संवैधानिक हुन्छ । हाल संसदीय शासन प्रणाली अवलम्बन गर्ने विभिन्न देशमध्ये कुनैमा राष्ट्रप्रमुखको रूपमा राजा (संवैधानिक वा सेरेमोनियल) रहेका छन् भने कतिपय देशमा राष्ट्रपति रहने व्यवस्था गरिएको छ । बेलायतलगायतका कतिपय युरोपेली मुलुक एवं जापानले राजासहितको संसदीय व्यवस्था अपनाएका छन्, जहाँ राजाको भूमिका शासन सञ्चालनका सन्दर्भमा न्यून रहेको हामी पाउँछौँ । यसका अतिरिक्त नेपाल, भारतलगायतका कतिपय मुलुकमा राष्ट्रपतिलाई राष्ट्रप्रमुखको जिम्मेवारी दिइएको भए पनि संवैधानिक राजतन्त्र सरहकै भूमिकामा सीमित गरिएको पाइन्छ ।

विश्वका करिब ६६ वटा देशले पूर्ण रूपको संसदीय शासन प्रणाली अवलम्बन गरेका छन् । अधिकाश संवैधानिक राजतन्त्र भएका देशमा यस्तो प्रणाली अपनाइएको छ । संसदीय कार्यकारिणीको उपत्ति र विकास बेलायतबाट भएको हुँदा लन्डनस्थित बेलायतको संसद् भवन बेस्टमिनिस्टरको नामबाट नै यसलाई बेस्टमिनिस्टर मोडलको शासन प्रणाली भन्ने गरिन्छ । बेलायतलाई नै संसदीय व्यवस्थाको जननी पनि भन्ने गरिँदै आएको छ ।

**मिश्रित शासन प्रणाली**

राष्ट्रप्रमुख र सरकारप्रमुख दुवैले मुलुकको कार्यकारिणी अधिकार प्रयोग गर्ने पद्धति अवलम्बन गरेका देशको शासन व्यवस्थालाई सामान्यतया मिश्रित शासन प्रणाली भन्ने गरिन्छ । यस्तो शासन पद्धति अँगाल्ने देशमा सामान्यतया प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रप्रमुख र संसद्को बहुमत प्राप्त व्यक्ति सरकारप्रमुख हुने गर्छ । राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले स्वाभाविक रूपमा सरकारप्रमुखको तुलनामा राष्ट्रप्रमुखको पद महत्वपूर्ण मानिन्छ । फ्रान्समा पाँचौँ गणतन्त्र स्थापना भएपछि त्यहाँ यस प्रकारको पद्धति सुरु भयो । चौथो फ्रान्सेली गणतन्त्रले राजनीतिक स्थिरता दिन नसकेपछि तत्कालीन संविधानका मस्यौदाकारले अमेरिकाको राष्ट्रपतीय पद्धति र बेलायतको संसदीय पद्धति दुवैका गुणलाई समेटीबिचको बाटो अवलम्बन गर्दै नयाँ खालको राजनीतिक प्रयोग गरेको थिए । हाल फ्रान्सबाहेक श्रीलङ्का, फिनल्यान्ड, पोर्चुगल, पेरु, रोमानिया, रुस, मङ्गोलिया, ताइवान, युक्रेनलगायत विश्वका करिब ४१ वटा देशले यस प्रकारको मिश्रित पद्धति अङ्गीकार गरेका छन् ।

यस पद्धतिमा राष्ट्रप्रमुख र व्यवस्थापिकाको निर्वाचन स्वतन्त्र रूपमा अलग अलग हुन्छ । कार्यकारिणीको दुई वटा शक्तिमध्ये एउटा शक्ति अर्थात् राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा सामान्यतया व्यवस्थापिकाको कुनै भूमिका रहँदैन । अर्को शक्ति सरकारप्रमुखको चयन र पद मुक्तिमा व्यवस्थापिकाको समर्थनमा निर्भर गर्छ । यद्यपि सरकारप्रमुखको चयनका सम्बन्धमा राष्ट्रप्रमुखको प्रमुख भूमिका रहने व्यवस्था पनि कतिपय मुलुकमा पाइन्छ । फ्रान्सको पाँचौँ गणतन्त्रको संविधान चौथो गणतन्त्रको संविधानलाई परिवर्तन गरी १९५८ मा लागु भएको हो । फ्रान्सले छोटै अवधिमा धेरै प्रकारका राजनीतिक प्रणाली प्रयोग गरेकाले उसलाई राजनीतिशास्त्रको प्रयोगशाला भन्ने गरिन्छ ।

**सबल तथा दुर्बल पक्ष**

तिनै वटा शासन प्रणालीका सबल र दुर्बल पक्ष छन् । राष्ट्रपतीय प्रणालीको सबल पक्ष पनि छन् । यस पद्धतिमा राष्ट्र प्रमुख र विधायिकाको निर्वाचन एक अर्कोबाट पूर्ण रूपमा स्वतन्त्र हुने र दुई निकायले समानान्तर रूपमा आआफ्नो कार्यक्षेत्रमा स्वतन्त्र रूपले कार्य सञ्चालन गर्छन् । जस्तै एउटाले अर्को अङ्गलाई सजिलै समाप्त पार्ने हैसियत राख्दैन । यसरी शक्ति विभाजन हुनाले वास्तविक रूपमा शक्तिको पृथकीकरण हुन्छ । संसदीय व्यवस्थामा भन्दा यस पद्धतिमा नियन्त्रण र सन्तुलनको बढी प्रभावकारी हुन्छ । राष्ट्रपतीय पद्धतिमा राष्ट्रप्रमुख जनताको प्रत्यक्ष र लोकप्रिय मतद्वारा निर्वाचित हुने भएकाले प्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी हुन्छ । हुन त जनताबाट चुनिएर आएका संसद्का सदस्यले चुनेको प्रतिनिधिले पनि अप्रत्यक्ष रूपमा जनताकै प्रतिनिधित्व गरिरहेको हुन्छन् । जनताको प्रत्यक्ष मतद्वारा अधिकांश जनताको समर्थनमा विजयी हुने हुनाले संसद्बाट चुनिएको प्रधानमन्त्रीभन्दा प्रत्यक्ष चुनिएको राष्ट्रपति बढी प्रजातान्त्रिक प्रक्रियाबाट आएको मानिन्छ र ऊ बढी शक्तिशाली पनि हुन्छ । कार्यकारी अधिकार सम्पन्न राष्ट्रप्रमुख र विधायिकाका सदस्यहरूको अलग अलग निर्वाचन हुने भएकाले मतदातालाई अलग अलग छनोटको अवसर रहन्छ । अमेरिकामा डेमोक्रेटिक दलको बहुमत रहेको कांग्रेस र रिपब्लिकन दलको राष्ट्रपतिको छनोट जनताले गर्छन् । त्यस्तो अवस्थामा रिपब्लिकनको वैदेशिक नीति र डेमोक्रेटिक दलको आन्तरिक नीतिले जनताद्वारा मान्यता पाएको मानिन्छ । संसदीय व्यवस्थामा सरकारले आफ्नो प्रत्येक नीति तथा कार्यक्रममा संसद्को समर्थनको अपेक्षा गर्नुपर्ने भएकाले यस व्यवस्थामा भन्दा राष्ट्रपतीय व्यवस्थामा सरकारले प्रभावकारी रूपमा अधिकारको प्रयोग गर्न सक्छ ।

राष्ट्रपतीय प्रणालीमा राष्ट्रप्रमुखलाई सजिलैसँग पदबाट मुक्त गर्न नमिल्ने हुनाले ऊ आफ्नो पदावधि समाप्त नभएसम्मका लागि कार्य गर्न स्वच्छन्द हुन्छ । ऊ कसैको नियन्त्रणमा रहँदैन । संसद्मा रहेका विपक्षी दललगायत आफ्नै दलभित्रका विपक्षीहरूलाई पनि क्रमशः पन्छाउँदै सत्तामा आफ्नो एकल प्रभुत्व जमाउने सम्भावना प्रबल रहन्छ । एउटा लोकप्रिय राजनेता एक पटक राष्ट्रप्रमुखको रूपमा निर्वाचित भइसकेपछि शक्ति सञ्चय गर्दै क्रमशः एउटा सर्वसत्तावादी व्यक्तिको रूपमा उदय हुने सम्भावना ज्यादा हुन्छ । अझ त्यसमा पनि निर्वाचनका क्रममा प्रयोग हुने पैसा र शक्तिका कारण एक पटक राज्यसत्तामा पुगेपछि पुनः सत्तामा पुग्न सजिलो हुन्छ भन्ने मान्यता छ । कतिपय अफ्रिकी मुलुकको उदाहरणलाई यस सन्दर्भमा लिने गरिन्छ । संसदीय व्यवस्थामा संसद्मा बहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुन्छ । उसले स्वेच्छाचारी ढङ्गले कार्य गर्न थाल्यो भने आगामी निर्वाचनमा हुने सम्भावित पराजयको डरले उसकै दलबाट विरोध हुने र अविश्वासको प्रस्तावबाट पदमुक्त गर्ने बाटो पनि तय हुन सक्छ, यसको विपरीत राष्ट्रपतीय पद्धतिमा भने एक पटक निर्वाचित भइसकेको राष्ट्रप्रमुखलाई दलले फिर्ता बोलाउन नसक्ने हुँदा ऊ दलीय अनुशासनभन्दा माथि रहन्छ ।

मिश्रित शासन प्रणालीका पनि सबल र दुर्बल पक्ष छन् । शासन प्रणाली स्वयम्मा असल र खराब हुँदैन । यसको नेतृत्व लिने व्यक्ति कस्तो छ भन्नेमा निर्भर हुन्छ । कुनै पनि मुलुकको भाग्य निर्माणमा राज्य सत्तामा नेतृत्व लिने व्यक्तिको अहम् भूमिका रहन्छ । राज्यसत्तामा बस्नेले विवेक पुर्‍याईं नैतिक चरित्रलाई उच्च राख्न सकेमा जुनसुकै शासकीय प्रणाली भए पनि त्यसको परिणाम राम्रो आउँछ । यसर्थ, नेपाल जस्तो देशले शासकीय स्वरूपमा बढी बहस गर्नु राष्ट्रहितमा देखिँदैन । नेपालको संविधानलाई नै निरन्तरता दिने हो, भने तोकिएको मितिमा नै प्रतिनिधि सभा निर्वाचन हुन सकेमा त्यसबाट सही परिणाम आउन सक्छ । निर्वाचनको विधिबाट आएका जनप्रतिनिधिले कस्तो प्रकारको शासकीय स्वरूप राख्ने भन्ने विषयमा पछि तय गर्नु नै देशको हितमा हुने छ । शासकीय स्वरूप संशोधनको विषय उठ्नेबित्तिकै अन्य विषय पनि सँगसँगै उठ्ने छन्, जसले निर्वाचनलाई गौण बनाउने छ । अहिलेको मुख्य कार्यभार निर्वाचन हो । नवनिर्वाचित संसद्ले शासकीय स्वरूपदेखि सबै विषयको टुङ्गो लगाउने छ ।

# सामाजिकीकरण अमूल्य सिप



• गीता श्रेष्ठ

विकासको बहुआयामिक अर्थ, महत्व र पक्ष हुन्छन् । विविध क्षेत्र र पक्षबाट आमजनतामा सकारात्मक प्रभाव पार्नु नै विकास हो । यस्तो विकास, सामाजिक जागरण, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यको सहज उपलब्धता, श्रमको अवसर र सम्मान, धर्म संस्कृति, परम्पराको संरक्षण तथा आममानिसबिच सहिष्णुता भाइचारा कायम हुनु समुन्नत समाजको आधार हो । यी सबैका लागि सामाजिकीकरण आवश्यक छ ।

मानिस एकल रहन सक्दैन । चेतना, विवेक र सिर्जनशील क्षमता भएको मानिसको जन्मदेखि मृत्युपर्यन्त सक्रियता रहन्छ र जीवनकालभरि उसले निर्वाह गर्नुपर्ने भूमिकाको सामाजिकीकरणको चरणबद्ध अभ्यास हो । धार्मिक, सांस्कृतिक विशेषतासँगै मनाइने चाडपर्व, रीतिरिवाजका साथै आर्थिक गतिविधि, मेला पर्व गतिशील समाजको आधार हो र यसैलाई सामाजिकीकरण भनिन्छ । यही सामाजिकीकरण निरन्तर पुस्तान्तरण हुन्छ । धार्मिक आस्था र गतिविधि एकबाट अर्कोमा हस्तान्तरण हुन्छ । सिप, ज्ञान, व्यवसायका साथै सामाजिक व्यवस्था, नैतिकता, अनुशासनका यावत् पक्ष समूहमा बसेर स्वाभाविक रूपमा सिक्ने क्रम निरन्तर जारी रहन्छ ।

मानिसले आफ्नो असल व्यक्तित्व निर्माणका लागि ठुला ठुला विश्वविद्यालयबाट नपाएको सिप समाजबाटै पाउँछ । भौतिक अभौतिक तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सिकिने व्यावहारिक कुरा नै दिगो सिप हो र यो सामाजिकीकरणबाटै सम्भव छ । सामाजिकीकरण जीवनको अमूल्य सिप हो । समाजमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने ज्ञान र चेतना यसैबाट प्राप्त हुन्छ ।

सामाजिकीकरण देश, काल, परिस्थिति अनुसार फरक पर्छ । सिक्ने समाजबाटै हो । चाहे नेपाल होस् वा सात समुद्र पार युरोप-अमेरिका आआफ्नै सामाजिक परम्परा र अभ्यास हुन्छ । हिन्दु समाजमा हिन्दु संस्कृति, चाडपर्व, रीतिथिति तथा सांस्कृतिक व्यवहार सिकिन्छ । इसाई, बौद्ध, इस्लाम, जैन, सिख जुनसुकै धर्मका भए पनि सिक्ने भनेको समाज विकासकै लागि भएकाले आआफ्नो परम्परा र मान्यता अनुसारको सिप सिकाइले समाजलाई गतिशील बनाउन मद्दत गर्छ । त्यस कारण मानिसलाई सामाजिक प्राणी भनिएको हो । समाजबिना मानिसको जीवन व्यर्थ मात्र होइन कल्पना पनि गर्न सकिन्न । सामाजिकीकरणबाट अलग राखियो भने मानिसले मानिस हुनुको गुण नै बिर्सन्छ ।

सिकाइको पहिलो पाठशाला समाज हो । समाज आफैँमा विविधतायुक्त हुन्छ र त्यही विविधताबिचबाट मानिस आफ्नो कर्मले स्थापित हुन्छन् । मानिस मानिसबिचको सम्बन्ध सुमधुर बनाउन, मित्रभाव जगाउन र बढाउन सामाजिक भावना हुनै पर्छ र त्यसका लागि सामाजिकीकरण आवश्यक छ । आफूभन्दा सानालाई माया गर्ने, ठुलालाई आदर गर्ने, सरसफाइ, शान्ति, मैत्रीपूर्ण व्यवहार, सहयोगी भावना, अनुशासन, उच्च नैतिक चरित्रको विकास समाजबाटै हुन्छ ।

समाज घर परिवारको समूह हो । अनेकानेक स्वाभाव, क्षमता भएका मानिसहरूको मिश्रणबाट बन्ने गतिशील भूगोल हो । त्यसैले मानिसलाई सामाजिक प्राणी भनिन्छ र सामाजिक मानिसबाट शान्ति, विकास, अनुशासन, मर्यादा, सहिष्णुताको चाहना गरिन्छ । यस्तो चाहना सामाजिकीकरणको मर्म हो । यसको पूर्ण पालना र अभ्यासले समाज शान्त हुन्छ । बिनाभेदभाव मानिसहरू सामाजिक कार्यमा उद्यत हुन्छन् । पुस्तान्तरण हुँदै आउने यो ज्ञान-क्षमता सामाजिकीकरणबाट सिकिने अमूल्य सिप हो ।

सामाजिकीकरण मानिसको अपेक्षा अनुसार सम्बन्धित समाजमा सोही अनुसारको व्यवहार गर्न र त्यसलाई ग्रहण गर्न सघाउ पुर्‍याउँछ । जहाँ रह्यो त्यही समाजमा अभ्यस्त हुने जीवनको अभिन्न र सर्वाधिक महत्वपूर्ण सिप सामाजिकीकरण जन्मदेखि मृत्युसम्म लगातार चलिरहन्छ । जीवनको सबभन्दा महत्वपूर्ण ज्ञान नै यही र यो ज्ञान समाजमा एकबाट अर्को स्वचालित रूपमा हस्तान्तरित हुँदै आउँछ ।

समाजले सिकाउने ज्ञान सर्वाधिक महत्वपूर्ण छ । यदि त्यस्तो नहुँदो हो त कुनै विद्यालयको ढोकासमेत नदेखेका मानिसहरूले उत्कृष्ट कार्य कसरी गर्न सक्थे ? आफ्ना पिता-पुर्खाबाट सिक्दै आएका व्यावहारिक ज्ञान कुनै विद्यालय-विश्वविद्यालयको पढाइभन्दा त्यसै कारण सशक्त हुन्छ । आजभोलि समाज व्यवस्थाको विशिष्ट पक्ष सामाजिकीकरण हराउँदै गएको छ । मानिस एकल बन्न थालेका छन् । सूचना प्रविधिको विकास, भौतिक पूर्वाधारको सुविधा तथा देखावटीपनले मानिसलाई एकाङ्की बनाउँदै गएको छ । यसले समाज व्यवस्था भत्किँदै जान थालेको छ । नैतिक, सामाजिक शिक्षाको अभाव छ । केवल व्यक्तिवादी बन्दै देखावटीमा भुलिरहेका छन् । हैसियत भुलेर बनावटी जीवन बाँच्न चाहनेहरूका कारण सामाजिकीकरणको गहनता ओझेलमा पर्दै गएको छ । सकारात्मकता र 'बहुजन हिताय' को सिद्धान्त सामाजिकीकरण हो । यो पक्ष धूमिल हुँदै गएको छ ।

सामाजिक अमनचयन, आपसी सद्भाव र भाइचारा बढाउन अहिंसात्मक गतिविधि र शान्तिप्रिय व्यवहार आवश्यक पर्छ । जहाँ अहिंसा हुन्छ, त्यहाँ शान्ति हुन्छ र जहाँ शान्ति हुन्छ त्यहाँ हिंसा हुँदैन । अहिंसा र शान्ति विश्व मानवजीवनदेखि हरेक व्यक्तिका लागि अति महत्वपूर्ण हुन्छ । जो व्यक्तिमा अहिंसात्मक सोच छ ऊ शान्तिप्रिय हुन्छ । अहिंसात्मक सोच र शान्तिप्रिय व्यवहार भएका मानिसहरू बसोबास गर्ने समाज शान्तिपूर्ण, सहिष्णु र सुखी हुन्छ । यो नै सामाजिकीकरणको विशेषता हो र व्यावहारिक क्षमता हो ।

मानव समाजमा अहिंसा र शान्तिको अत्यन्त ठुलो महत्व छ । यी दुई विकासका गतिशील आयाम हुन् । अहिंसा र शान्तिले मानिसको व्यक्तिगत जीवनदेखि लिएर समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्सम्मको विकासका साथै सद्भाव, सहिष्णुता र सहअस्तित्वमा गहिरो प्रभाव पार्छ । जसरी विश्वका विभिन्न कुनामा मच्चिइरहेका युद्धको बाछिटा अन्य देशमा परिरहेको छ, त्यस्तै अहिंसा र शान्तिको प्रभाव पनि बढ्दै जान्छ । सामाजिकीकरण पनि त्यस्तै हो । सकारात्मक कामहरूबाट आफ्नो समाजलाई गतिशील, समुन्नत, शान्त र विकसित तुल्याउँदै धार्मिक, सांस्कृतिक पक्षहरूको संरक्षणमा सबै एकजुट हुने हो भने त्यसको प्रभाव अन्यत्र पनि पर्छ । शान्ति, भातृत्व र अहिंसाको विकास हुने छ । यसका लागि समाजकै अग्रसरता प्रमुख आधार हो ।

समुन्नत, सहिष्णु र गतिशील समाजका लागि शान्ति पहिलो आधारशिला हो । शान्तिका लागि हरेक मानिसमा सामाजिकीकरणको भावना जागृत हुनु पर्छ । जहाँ अहिंसा हुन्छ, त्यहाँ द्वन्द्व, कलह वा युद्ध हुँदैन यस्ता गतिविधि नभएपछि स्वतः शान्ति स्थापित हुन्छ । अस्वस्थ प्रतिस्पर्धा, ईर्ष्या, भौतिक उन्नतिको अहङ्कारले प्रवेश पाउँदैन ।

# झापा महिला गोल्डकपमा पुलिसको शानदार जित

बिर्तामोड(प्रस) । झापाको शिवसताक्षीमा सुरु झापा महिला गोल्डकपको उद्घाटन खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले शानदार जित दर्ता गरेको छ ।

सोमवार भएको उद्घाटन खेलमा अर्को एक डिभिजन क्लब चर्च ब्वाइज युनाइटेडलाई ८-० को फराकिलो गोल अन्तरले हराउँदै पुलिस सेमिफाइनलमा प्रवेश गरेको छ ।

पुलिसका तर्फबाट मिना देउवाले ५ गोल र रेखा पौडेलले ह्याट्रिक पूरा गरे । रेखाले खेलको ३७ औँ, ८० औँ र दोस्रो हाफको इन्ज्युरी समयमा गोल गरिन् । त्यस्तै, मिनाले खेलको ५१ औँ, ६० औँ, ६२ औँ, ६८ औँ र ८१ औँ मिनेटमा गोल गरिन् ।



खेलको चौथो मिनेटमा पुलिसकी डिफेन्डर पूजा रानाले सेन्टर जोनबाट लिएको फ्रिकिक चर्चको गोल पोष्ट नजिकबाट बाहिरिएको थियो । खेलको सातौँ मिनेटमा पुलिसकी फरवार्ड रेखा पौडेलले ठुलो डिबक्सबाट गरेको प्रहार चर्चकी गोलकिपर करुणा बुढाथोकीले बचाएकी थिइन् ।

१५ औँ मिनेटमा चर्चले पहिलो अन टार्गेट सट लियो । २२ यार्डको दूरीबाट चर्चकी प्रतिक्षा मल्लको सट पुलिसकी गोलकिपर उषा नाथले सहजै कलेक्ट गरेकी थिइन् ।

१७ औँ मिनेटमा पुलिसकी फरवार्ड मिना देउबाले चर्चको डिफेन्डरलाई बिट गर्दै लिएको पावरफुल सट चर्चको पोष्ट नजिकैबाट बाहिरिएको थियो ।

२६ औँ मिनेटमा पुलिसले गोलको सुनौलो अवसर खेर फाल्यो । मिनाले चर्चकी गोलकिपर करुणालाई बिट गरे पनि सटलाई टार्गेटमा राख्न सकिनन् । ३५ औँ मिनेटमा चर्चले जवाफी अट्याक बुने पनि गोलको अवसर भने सदुपयोग गर्न सकेन । पुलिसको पेनाल्टी बक्सभित्र वर्षाले दिएको क्रसलाई प्रतिक्षा मल्लले फिनिस गर्न सकिनन् ।

३७ औँ मिनेटमा पुलिसले खेलमा खाता खोल्न सफल भयो । दुई राष्ट्रिय खेलाडी कम्बिनेसनमा पुलिसले सुन्दर गोल गर्यो । केही दिनअघि मात्रै राष्ट्रिय टोलीमा डेब्यु गरेकी मिनाको क्रसमा रेखा पौडेलले सुन्दर फिनिस गरिन् ।

दोस्रो हाफको सुरुवाती समयदेखि चर्चविरुद्ध दबाब बनाएको पुलिसले ५१ औँ मिनेटमा मिना देउबाको गोलमा अग्रता दोब्बर बनाउन सफल भयो । चर्चको डिफेन्डर र गोलकिपरबीच राम्रो तालमेल नहुँदा मिनाले त्यसको फाइदा उठाइन् ।

५९ औँ मिनेटमा मिनाले सुन्दर फिनिस गर्दै व्यक्तिगत दोस्रो तथा टोलीको तेस्रो गोल गरिन् । उनले सम्झना लावतीको पासलाई गोलमा परिणत गरिन् । त्यसको पाँच मिनेट बित्न नपाउँदै मिनाले अर्को गोल थप्दै आफ्नो ह्याट्रिक पूरा गरिन् । पुलिसको लंगभली क्रसलाई चर्चकी गोलकिपर करुणाले राम्रो कलेक्ट गर्न नसक्दा मिनाले त्यसको फाइदा उठाउँदै टोलीलाई ४-० गोलको अग्रता दिलाउन सफल भइन् ।

६८ औँ मिनेटमा रेखाको सुन्दर क्रसमा मिनाले आफ्नो चौथो गोल गरिन् । ८० औँ मिनेटमा रेखाले ३० यार्डको लामो दूरीबाट गरेको सटले सिधै चर्चको जाली चुम्न पुग्यो । रेखाको उक्त सटमा चर्चकी गोलकिपरले कुनै मौका पाइनन् ।

त्यसको तीन मिनेट बित्न नपाउँदै मिनाले टोलीका लागि सातौँ तथा व्यक्तिगत पाँचौँ गोल पूरा गरिन् । खेलको अन्तिम समयमा रेखाले गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गर्दा टोलीलाई ८-० गोलको फराकिलो अन्तरले जित सुरक्षित गराइन् ।

खेलको प्लेयर अफ द म्याच पुलिसकी मिना देउबा भइन् । उनले नगद १५ हजार र ट्रफी पाइन् । उनलाई प्रमुख अतिथि शिवसताक्षी नगरप्रमुख मेगाहाङ थोप्रा, आयोजक झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोप्रा र ग्यारेज क्याफेका सञ्चालक लुका राईले ट्रफी प्रदान गरेका थिए ।

सोमवारको दोस्रो क्वार्टर फाइनल खेल एपिएफ फुटबल क्लब र सिंग्लिङ स्पोर्टिङ क्लब सिक्किमबीच हुनेछ । दुधे रंगशालामा जारी प्रतियोगिताको फाइनल खेल कात्तिक २४ गते हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद १० लाख १० हजार रुपैयाँ पाउनेछ । त्यस्तै, उपविजेताले नगद पाँच लाख रुपैयाँ पाउनेछ । सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख ५० हजार रुपैयाँ प्रदान गरिने गोल्डकपका अध्यक्ष थोप्राले जानकारी दिए ।

त्यस्तै, प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक र उच्च गोलकर्ताले नगद २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद १५ हजार र ट्रफी प्रदान गरिनेछ । प्रतियोगितामा आठवटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा त्रिभुवन आर्मी एफसी, एपिएफ एफसी, नेपाल पुलिस क्लब, संकटा फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, झापा फुटबल क्लब र आरएस पोखरा फुटबल क्लब तथा भारत सिक्किमको सिंग्लिङ स्पोर्टिङ क्लबले प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् ।

## युवाहरूले मागे कांग्रेस पदाधिकारीहरूको राजीनामा

पदाधिकारीले तत्काल नैतिकताका आधारमा राजीनामा दिनुपर्ने माग गरेका छन् ।

मंसिरमा पार्टीको १५ औँ महाधिवेशनको मिति तोक्न माग गर्दै आइतबार केन्द्रीय कार्यालयको मूल गेटमा तालाबन्दी गरेका ४० वर्ष मुनिका युवा कार्यकर्ताहरूले क्रियाशील सदस्यता नवीकरण र वितरणको काम गर्न नसक्ने महामन्त्री गगन थापाले तत्काल राजीनामा दिन माग गरेको तालाबन्दी गर्ने कार्यको नेतृत्व गरेका युवा नेता शिव रिमालले जानकारी दिए ।

'मंसिरमा नियमित महाधिवेशनको वातावरण निर्माण गर्न नसक्ने पदाधिकारी र क्रियाशील सदस्यता

❖ बाँकी अन्तिम पृष्ठमा

## १७ ग्राम ब्राउनसुगरसहित नुवाकोटका तामाङ पक्राउ

झापा(प्रस) । ठूलो मात्रामा लागूऔषध ब्राउनसुगरसहित एक व्यक्ति पक्राउ परेका छन् । सोमवार साँझ ५ बजे मेचीनगर - ६ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका नुवाकोट किस्पाङ गाउँपालिका ३ बस्ने २७ वर्षीय रामबहादुर तामाङ लागूऔषधसहित पक्राउ परेका हुन् । उनलाई शंका लागेर चेकजाँच गर्ने क्रममा उनको साथबाट प्लाष्टिकबाहेक १७ ग्राम २०० मिलिग्राम ब्राउनसुगर बरामद भएको थियो । उनलाई लागूऔषधसहित नियन्त्रणमा लिई अनुसन्धान तथा कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

## कन्काईमा बेवारिसे शव फेला



झापा(प्रस)। झापाको कन्काई नगरपालिकामा बेवारिसे शव फेला परेको छ। सोमवार दिउँसो १२:३० बजे कनकाई -२ झण्डी खोप भन्ने स्थानमा तत्काल नामथर वतन नखुलेको पहाडे मुलको जस्तो देखिने अन्दाजी बर्ष ४०-४२ को पुरुष मानिस घोप्टो परि मृत अवस्थामा फेला परेका हुन् । घटनास्थल अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# इलामका तत्कालीन वन प्रमुख श्रेष्ठविरुद्ध डेढ करोडको भ्रष्टाचार मुद्दा

झापा(प्रस) । इलामका तत्कालीन डिभिजन वन प्रमुख तथा हाल डिभिजन वन कार्यालय भोजपुरका प्रमुख (अधिकृत दसौं) दानबहादुर श्रेष्ठविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार डेढ करोड रुपैयाँ बिगो कायम गरी विशेष अदालतमा मुद्दा दायर गरेको हो । श्रेष्ठविरुद्ध १ करोड ४३ लाख १८ हजार ९ सय ३७ रुपैयाँ बिगो कायम गरी बिगोबमोजिम जरिवाना, स्रोत नखुलेको सम्पत्ति र यसबाट बढे-बढाइएको चलअचल सम्पत्ति जफतको मागदाबी लिइएको छ ।



डिभिजन वन अधिकृतका रुपमा डिभिजन वन कार्यालय, भोजपुरमा कार्यरत श्रेष्ठबिरुद्ध इलाममा कार्यरत रहेका बेला अख्तियारमा उजुरी परेको थियो । पदीय अख्तियारीको दुरुपयोग गरी गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको उजुरीपछि अख्तियारले श्रेष्ठको सरकारी सेवा प्रवेशयताको सम्पत्ति अनुसन्धान दायरामा ल्याएको थियो । त्यस क्रममा श्रेष्ठ सरकारी सेवा प्रवेश गरेको २६ असार २०४८ देखि १६ फागुन २०८० को ३२ वर्षको सम्पत्ति अनुसन्धान दायरामा ल्याइएकामा यस अवधिको स्रोत नखुलेको सम्पत्तिलाई बिगो कायम गरी मुद्दा दायर गरिएको अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

श्रेष्ठले र निज र निजको एकाघर परिवारका सदस्यले उक्त अवधिमा २ करोड १६ लाख ८५ हजार ५५७ रुपैयाँ ९६ पैसा मात्र आय आर्जन गरेको र व्ययतर्फ ३ करोड ६० लाख ४ हजार ४९५ रुपैयाँ ४८ पैसा खर्च गरेको देखिएको छ । 'आयभन्दा व्यय १ करोड ४३ लाख १८ हजार ९ सय ३७ रुपैयाँ ५२ पैसा बढी भई स्रोत पुष्टि हुन सकेन,' अख्तियारले दायर गरेको अभियोगपत्रमा उल्लेख छ ।

उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक भएकाले मनासिव कारणबिना वैधानिक आयको तुलनामा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्थापित भएको अभियोगपत्रमा उल्लेख छ । श्रेष्ठले झुटो विवरण पेस गरी सम्पत्ति विवरण बुझाएकामा पनि थप सजाय मागदाबी गरिएको छ ।

श्रेष्ठ सार्वजनिक पदमा रहेका बेला आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिबाट पत्नी नरमाया श्रेष्ठ, बुहारी भावना बरुवाल र उनी सञ्चालक रहेको फरेष्ट एन्ड इन्भारोमेन्ट रिसर्च अर्गनाइजेसन प्रालि भक्तपुरका नाममा लगानी तथा खरिद गरिएका सम्पत्ति पनि जफत प्रयोजनका लागि उनीहरुलाई प्रतिवादी बनाइएको छ ।

# लागूऔषध नियन्त्रण प्रजिअ गेलालको पहिलो काम

झापा(प्रस) । भर्खरै सरुवा भएर आएका झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जिल्लामा देखिएको लागूऔषधको समस्यालाई निरुत्साहित गर्न कडा कदम चाल्ने बताएका छन् ।

तत्कालीन प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा सरुवा भएपछि जिल्ला प्रशासन कार्यालय धनकुटाबाट तीनदिन अघिमात्र झापाको कमाण्ड सम्हाल्न आइपुगेका गेलालले सोमबार झापाका सञ्चारकर्मीहरुसँगको परिचयात्मक कार्यक्रममा बोल्दैं झापा जिल्लामा लागूपदार्थ दुर्व्यसन र अवैध कारोबारका घटनामा बृद्धि भएको खवर पाएको बताए । उनले आफूले झापाको कमाण्ड सम्हालेलगत्तै त्यसविरुद्ध कडा कदम चाल्ने प्रतिवद्धता व्यक्त गरे । जिल्ला प्रशासन कार्यालय झापाको मुख्य प्राथमिकतामा लागूपदार्थ नियन्त्रण रहेको प्रष्ट पार्दै उनले यसले समाजमा सिर्जना गर्न सक्ने आपराधिक गतिविधि र हिंसात्मक वातावरणलाई रोक्न प्रशासन तयार रहेको विचार राखे ।

झापा जिल्लाका सुरक्षा निकायले समेत निगरानी र नियन्त्रणका अभियानलाई तीव्र बनाएको भन्दैं प्रजिअ गेलालले यसका लागि थप सरकारी र गैरसरकारी संघ संस्था, नागरिक समाज र सञ्चारकर्मीहरुको पनि साथ सहयोगको



आवश्यकता औल्याएका थिए ।

भदौ २३–२४ गतेको जेनजी प्रदर्शनका क्रममा भएका अराजक गतिविधिले प्रहरीको मनोबल खस्किएको छ । नागरिकको शान्ति सुरक्षाको जिम्मेवारी लिने प्रहरीको मनोबल फर्काउन कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले पछिल्लो घटनाक्रम, जेनजी आन्दोलनपछि देखिएका सुरक्षासम्बन्धी चासो र प्रशासनको भूमिकाबारे प्रश्न राखेका थिए ।

प्रमुख जिल्ला अधिकारी गेलालले पछिल्लो समय बढ्दो असुरक्षा र जेनजी आन्दोलनपछि देखिएका घटनाक्रमलाई प्रशासनले गम्भीर रुपमा लिएको बताए । उनले सुरक्षा व्यवस्था सुदृढ बनाउन प्रशासन पूर्ण सक्रिय रहेको विश्वास दिलाए । प्रजिअ गेलालले सरोकारवालाको सुझावलाई गम्भीरताका साथ कार्यान्वयनमा ल्याइने बताउँदै जिल्लाको शान्ति, सुरक्षा र सुशासनका लागि सबैको सहकार्य अपरिहार्य रहेको उल्लेख गरे ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले जिल्लामा कानूनी व्यवस्था सुदृढीकरण, सवारी सुरक्षा, रात्री गस्ती र युवाबीच बढ्दो लागूपदार्थ सेवन नियन्त्रणलगायत विभिन्न सुझाव दिएका थिए । गृह मन्त्रालयले आइतबार विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको सरुवा तथा पदस्थापन गरेको थियो ।

# बोलेरोमा ओट लगाउने क्रममा चक्काले किचेर चालक घाइते




झापा(प्रस) । ताप्लेजुङको फुङलिङमा बोलेरो गाडीमा ओट लगाउने क्रममा चक्काले किचेर चालक घाइते भएका छन् ।

आइतवार साँझ ५;४५ बजे फुङलिङ -११ काफ्लेपाटीमा सदरमुकामबाट काफ्लेपाटीतर्फ जाँदै गरेको मे१ज २३२४ नं को बोलेरो गाडीको सापट भाच्चिएपछि चालक गाडीबाट निस्किएर ओट लगाउने क्रममा गाडीको चक्काले चालकलाई किचेको हो । बोलेरो चालक फिदिम -१३ बस्ने ३३ वर्षीय उमेश राई घाइते भई उनलाई उपचारको लागि जिल्ला अस्पताल ताप्लेजुङमा लगिएको छ ।

त्यस्तै सो गाडीमा सवार मोरङ उर्लाबारी -४ बस्ने मन्जु न्यौपानेका छोरा बर्ष ११ का अंकित न्यौपाने सामान्य घाइते भएका छन् । गाडीमा चालकसहित जम्मा ११ जना सवार रहेका थिए । ९ जना सकुशल रहेको प्रहरीले जनाएको छ ।

### वैदेशिक...

नाकामा मानव बेचबिखनविरुद्ध काम गर्दै आएका असल मित्र नेपाल शाखा कार्यालय झापाका अध्यक्ष दलबहादुर (रमेश) गुरुङ भन्छन् 'शुरु शुरुमा भन्थे, तर, एजेण्टले आफ्नो रणनीति परिवर्तन गरेपछि बताउनै छाडेका छन् ।'

कागजात विभिन्न बहानामा एजेण्टले पहिल्यै हात पारिहाल्छन् । उनका अनुसार एजेण्टले घरेलु कामदारका रुपमा रोजगारी र राम्रो कमाई हुने ठाउँमा पुऱ्याईदिने भन्दै बिभिन्न प्रलोभनमा पारी नेपालीहरुलाई भारतको बाटो हुँदै लिएर जाने गरेका छन् । तीमध्ये ७० प्रतिशतले न त एजेण्ट देखेकै हुन्छ न त चिनेकै ।

मानव ठगी संवेदनशील मुद्धाको सुनुवाइ गर्दा प्रमाण नहुँदा न्याय दिन समस्या हुने उनको भनाई छ । पीडित पक्षले किटानी जाहेरी नदिएका कारण यसमा संलग्न गिरोहलाई पक्राउ गरी कानुनी कारबाही गर्न नसकिने उनको भनाई छ ।

ज्ञ

पीडितपक्षले यसमा संलग्न गिरोहका कारण भविष्यमा कुनै पनि समस्या आउन सक्ने भन्दै सम्बन्धित निकायमा उजुरी नदिएकै कारण धेरै गिरोहले यसबाट उन्मुक्ति पाउने गरेको उनको अनुभव छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरु सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ